“स्वास्थ्य, शिक्षा, पूर्वाधार, पर्यटन, लघुउद्यम र कृषिमा क्रान्तिः समृद्ध र सुशासनयुक्त बुद्धशान्ति”

# बुद्धशान्ति गाउँपालिकाको

## वार्षिक नीति तथा कार्यक्रम

**पेश भएको मितिः २०८३।३।१०**

आर्थिक वर्ष २०८३/०८४

बुद्धशान्ति गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

बुधवारे, झापा

**सम्मानीत गाउँसभाका सदस्यज्यूहरु,**

यस बुद्धशान्ति गाउँपालिकाको अठारौं गाउँसभा अधिवेशनको पहिलो बैठकमा बुद्धशान्ति गाउँपालिकाको आर्थिक वर्ष २०८३-०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महसुस गरेको छु ।

वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न बहुमुल्य सुझाव प्रदान गर्नुहुने सम्पुर्ण बुद्धशान्तिबासी आमा, बुवा, दाजुभाई तथा दिदी बहिनी लगायत विभिन्न राजनीतिक दलका प्रमूख तथा प्रतिनिधिहरु, समाजसेवी, बुद्धिजीवीहरु लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । नेपालमा हालसम्म भएका प्रजातान्त्रिक आन्दोलन, राजनितिक अग्रगमन र लोकतन्त्रको सवलीकरणका क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाईते एवं बेपत्ता नागरिकहरु प्रति सम्मान व्यक्त गर्दछु ।

गाउँपालिका भित्रका सबै वडाहरुमा वडा भेलाको आयोजना गरी राय सल्लाह सुझावका आधारमा वडाहरुको सन्तुलित विकासलाई मध्यनजर राखी योजनाहरु छनौट भई आए अनुसार सिमित श्रोत र साधनको बावजुद सबै योजनाहरुलाई सम्वोधन गर्न नसकिए पनि आवश्यकतालाई मध्यनजर गरी प्राथमिकताको आधारमा योजनाहरुमा बजेटको स्रोत विनियोजन गर्ने प्रयास गरेको छु । गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रम तयार गर्दा राज्यका निर्देशक सिद्धान्त, नीतिहरु, राष्ट्रिय योजना आयोगको मार्गदर्शन, नेपाल सरकारको निर्देशन, अर्थ मन्त्रालयको मार्गनिर्देशन, प्रदेश एवं संघीय सरकारका आवधिक योजना, दिगो विकासको लक्ष्य, यस गाउँपालिकाको विगतका गाउँसभाका निर्णयहरु, गाउँपालिकाको विकास सम्वन्धि अवधारणाहरु, बुद्धशान्ति गाउँपालिकाको आवधिक योजना लगायत सरोकारवाला सबैको सुझावका आधारमा यो नीति तथा कार्यक्रम तयार गरेको छु । यो बजेट, नीति तथा कार्यक्रमले राज्य तथा यस गाउँपालिकाले लिएको उद्देश्य पुरा गर्नेछ भन्ने विश्वास हामीले लिएका छौं ।

बुद्धशान्तिबासीहरुको आवश्यकता र चाहनाहरुलाई मुल ध्येयमा राखी आर्थिक, सामाजिक, मानवीय संशाधन, वातावरण लगायतका विकासका सम्बाहकमा जोड दिने हाम्रो संकल्प, समस्त बुद्धशान्तिबासीहरुको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिबद्धता पुरा गर्ने क्रममा यस आ.व.मा सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रमहरुलाई आगामी आ.व. २०८३-०८४ को नीति तथा कार्यक्रम मार्फत प्रस्तुत गरेको छु । यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुलाई केही हदसम्म स्थानीयीकरण गर्दै, गाउँपालिकाबाट तयार भएको आवधिक योजनाको अनुसरण गरी गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय श्रोत र साधनको पहिचान र परिचालन गरी समावेशी, जलवायू उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध बुद्धशान्ति गाउँपालिका र सुखी बुद्धशान्तिबासीको लक्ष्य हासिल गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारीमा विकासका क्रियाकलापहरु गरिनेछ ।

पूर्वाधार निर्माणमा संघ तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य एवं साझेदारी गरी गाउँपालिकाले लिएका पूर्वाधार लगायत समग्र नीतिको कार्यान्वयनबाट स्थानीय सडक स्तरउन्नति, तटबन्धन, सिंचाई पूर्वाधार, खानेपानी, शिक्षा पूर्वाधार जस्ता महत्वपुर्ण भौतिक संरचनाहरु निर्माण गरिनेछ ।

बुद्धशान्ति गाउँपालिकालाई उत्कृष्ट र नमूना गाउँपालिकाको रुपमा विकास गर्ने, भूमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको वैज्ञानिक व्यवस्थापनका लागि विगतमा पालिकाले गर्दै रहेको प्रक्रियाबाट सुरु गर्ने गरी प्रदेश एवं संघीय सरकारसँग प्रभावकारी समन्वय गर्ने र योजनाबद्ध शहरीकरण तथा बस्ती विकासलाई यस नीति तथा कार्यक्रमले प्राथमिकताको रुपमा लिइएको छ ।

गाउँपालिकाको आर्थिक विकासका निमित्त कृषि उत्पादनमा वृद्धि, पशुजन्य व्यवसाय, लघु उद्योगको प्रवर्द्धन, स्थानीय सीप र साधनबाट सञ्चालित परम्परागत व्यवसायको संरक्षण र विविधिकरण, सहकारी नियमन, योजनाबद्ध विकास, आधारभूत पूर्वाधारको विकास, ऐतिहासिक, साँस्कृतिक, साहित्यिक एवं पर्यटकीय क्षेत्रहरुको संरक्षण र सम्बर्द्धन तथा आम समुदायलाई परिचालन गर्न सकेमा मात्र परिवर्तनमुखी एवं परिणाममुखी विकास सम्भव हुने देखिन्छ । उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने र विकासको प्रक्रियामा सबैको सहभागिताको आवश्यकता देखिन्छ । यी सबै चुनौतीहरु र सम्भावनाहरुको बुद्धिमत्तापूर्ण ढंगबाट समाधान र उपयोग गर्न सरकार, गैरसरकारी संघ संस्था, नीजि क्षेत्र, नागरिक समाज एवं स्थानीय समुदायको अग्रसरता, सहयोग, समन्वय, सहभागिता सहमति र समझदारीको आवश्यकता रहेको छ ।

विगत वर्षदेखि लेखापरीक्षकको क्रममा देखिएको कुल बेरुजु रु. २९ करोड ११ लाख ७० हजार ७ सय ६४ मध्ये सार्वजनिक लेखा समितिले छानविन गरी तिर्नु बुझाउनुपर्ने बेरुजु असुल उपर गरी तथा प्रमाण नपुगी अनियमित भएको बेरुजुलाई प्रमाण पेश गरी यसै आ.व. मा खटिएको डोर मार्फत रु. १५ करोड ८९ लाख ६५ हजार ९ सय ४९ रकम बेरुजु समपरिक्षण भएको छ ।

साथै आ.व. २०८१।०८२ को रु. २ करोड ५६ लाख ११ हजार २ सय ३० बेरुजु कायम भई खुद बाँकी रहेको बेरुजु रु. १५ करोड ८९ लाख ३२ हजार २ सय ५३ लाई  निरन्तर फर्छ्यौट गर्ने कार्य गरिनेछ ।

**सम्मानीत गाउँसभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम **"स्वास्थ्य, शिक्षा, पूर्वाधार, पर्यटन, लघुउद्यम र कृषिमा क्रान्तिः समृद्ध र सुशासनयुक्त बुद्धशान्ति"** भन्ने गाउँपालिकाको दिर्घकालिन सोच हासिल गर्न कोशेढुङ्गा साबित हुन्छ भन्ने विश्वास लिएको छु ।

अव म आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**क. <u>आर्थिक विकास क्षेत्र</u>**

**<u>कृषि तथा पशुपन्छी विकासः</u>**

१. **"कृषिको पहिलो आधार-माटो सुधार"** भन्ने  मूल नाराका साथ गाउँपालिकाको कृषि बिकास  शाखामा ब्यवस्थित ल्याव स्थापना गरी माटो परिक्षण गरिनेछ । माटो परिक्षणका आधारमा माटो सुधारका लागि कृषि चुन तथा सूक्ष्म खाद्य तत्व वितरण गरिनेछ ।

२. गाउँपालिका क्षेत्रमा रहेका खेतीयोग्य जमिनमा खोलादेखि खेतसम्म सहज सिँचाइ गर्न भुमिगत तथा सतह सिँचाईको प्रबन्ध गरिनेछ । निर्माण सम्पन्न सिंचाई आयोजना संचालन तथा मर्मत सम्भारमा स्थानीय उपभोक्ता समितिलाई सक्षम र जिम्मेवार बनाईनेछ ।

३. बालीको उत्पादन लागत न्यूनिकरणका लागि शुन्य खनजोत प्रबिधि, ड्रम सिडर तथा राइस प्लान्टर आदिको प्रयोगमा कृषकहरुलाई प्रोत्साहन गरिनेछ।

४. कृषिमा प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत लागत साझेदारीमा कृषकलाई आवश्यक पर्ने कृषि पशुपालन सम्बन्धी औजार/सामाग्री तथा उपकरणहरु उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

५. तोरी र आलुको बीउमा आत्मनिर्भर बनाउन बीजबृद्धि कार्यक्रम संचालन गरिनेछ । मकै खेती प्रबर्द्धनका लागि उत्पादन तथा हार्भेष्टिङ यन्त्र उपकरणमा सहयोग गरिनेछ ।

६. **“एक स्थानिय तह एक बाली”** को रुपमा सुपारी बालीलाई छनौट गरी सुपारीमा देखिएका रोग किरा नियन्त्रण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । सुपारीको उत्पादन बृद्धि, क्षेत्र विस्तार, नर्सरी स्थापना, बजारीकरण सम्बन्धि आवश्यक नीति अबलम्वन गरिनेछ।

७. मरिच खेती गर्ने कृषकहरुलाई समेत व्यवसायिक हुन प्रोत्साहन गर्ने नीति लिईनेछ ।

८. **"स्वास्थ्य जीवनका लागि स्वास्थ्य उत्पादन"** भन्ने मूल ध्येयका साथ विभिन्न बालीमा लाग्ने रोग किरा नियन्त्रणका लागि बाली उपचार शिविर, माटो परिक्षण शिविर संचालन गरी कृषि चुन सूक्ष्म तत्व, जैविक बिषादी तथा फेरोमेन ट्याप लगायत बाली संरक्षणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

९. साप्ताहिक हाट लाग्ने बुधवारे, मङ्गलवारे, जयपुर तथा भोटेटार कृषि बजारहरुलाई थप व्यवस्थित बनाईनेछ। बुद्धशान्ति-४ टिमाई स्थित निर्माण सम्पन्न भएको कृषि उपज बजार र कोल्ड च्याम्बरलाई व्यवस्थित रुपमा संचालनको प्रक्रिया अघि बढाईनेछ ।

१०. कृषि समूह, पशुपालन समूह, कृषि तथा पशु फार्महरुलाई थप क्रियाशिल बनाउन मागमा आधारित तालिम, नतिजा प्रद्धर्शन, तरिका प्रद्धर्शन, उत्पादन प्रद्धर्शन, उन्नत प्रविधि तथा उपकरण हस्तान्तरण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ । कृषकहरुलाई नँया प्रविधिसँग जोड्न कृषि अनुसन्धान केन्द्रबाट विकास भएका नविनतम प्रविधिको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

११. रैथाने जातका बालीको संरक्षण, प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ । चैते धान र गहुँको क्षेत्र विस्तार गर्न कृषकलाई प्रोत्साहन गरिनेछ ।

१२. अनुदानको रसायनिक मल वितरण प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । मल वितरण केन्द्रहरुको नियमित अनुगमन तथा निरिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

१३. पशुजन्य उत्पादनमा जोड दिँदै कृषकहरुलाई निःशुल्क पशु स्वास्थ्य सेवा उपलब्ध गराईने नीतिलाई निरन्तरता दिइनेछ। खोरेत, लम्पिस्किन, स्वायन फिभर जस्ता रोगको प्रकोप फैलन नदिन नियमित खोप सेवा संचालन गरिनेछ ।

१४. पशुपन्छी रोग सर्भिलेन्स/प्रयोगशाला ब्यवस्थापन तथा कृत्रिम गर्भाधान सेवालाई निरन्तरता दिईनेछ।

१५. कृषि तथा पशुपन्छी पालनका लागि यस अघि अनुदान प्राप्त गरेका कृषक/ समूह/ सहकारी फार्महरुको अनुगमन गरी प्राप्त अनुदानका सामाग्रीहरुको सदुपयोग भए/ नभएको यकिन गरी दुरुपयोग हुन नदिन आवश्यक रणनीति तयार गरिनेछ ।

१६. विषादी न्यूनीकरण गरी स्वास्थ्य बाली उत्पादन गर्न गोठ खोर सुधार, भकारो सुधार, भर्मिकम्पोष्ट उत्पादन, जैविक मल तथा जैविक वानस्पतिक विषादीको प्रयोग गर्न कृषकहरूलाई प्रोत्साहन गरिनेछ । प्रतिबन्धित तथा घातक विषादीको बिक्रि वितरण र प्रयोगलाई कडाईका साथ रोक लगाइनेछ।

१७. स्वच्छ र गुणस्तरिय मासु तथा मासुजन्य पदार्थ उपभोग गर्न पशुपन्छी बधशालालाई व्यवस्थित बनाउने तथा उपभोक्तालाई स्वस्थ्य मासु उपलब्ध गराउन मासु पसलको सुधार गरी मिटसप योजना लागु गरिनेछ ।

१८. विगत वर्षहरुमा प्रदेश सरकारसँगको समन्वयमा कृषकहरुलाई ५० प्रतिशत अनुदानमा गाई, भैंसी, बंगुर तथा गोठ सुधार लगायतको कार्यमा दिएको अनुदान कार्यक्रमलाई निरन्तरता दिई दुध र मासुमा पुर्ण आत्मनिर्भर पालिका बनाउने नीति लिईनेछ ।

१९. पशुपालन आहारा ब्यवस्थापन तथा उत्पादन लागत न्यूनीकरणका लागि साईलेज बनाउने यन्त्र उपकरणको प्रभावकारी उपयोग गर्ने नीति लिइनेछ साथै साईलेज बनाउने मिनि उपकरणको प्रबन्ध गरिनेछ ।

२०. स्थानिय स्तरमा उत्पादित दुध तथा दुग्धजन्य पदार्थको उप उत्पादन भएको दही मोहीलाई स्थानीय स्तरमा ब्रान्डिङ गरिनेछ ।

२१. गाउँपालिका क्षेत्रमा भएका सामुदायिक कुकुर व्यवस्थापन गर्न बन्ध्याकरण घुम्ती शिविर संचालन गरिनेछ। छाडा पशुहरु नियन्त्रण र घरपालुवा पशुहरु बेवारिसे छाड्ने व्यक्तिको पहिचान गरी कानून बमोजिम कारवाही गरिनेछ ।

२२. अत्याधिक दुध उत्पादन दिने पशुबस्तु पोषक तत्वको कमी भई ग्राउन्डेड भएको गाई भैसीलाई उठाउनको लागि cow lift को व्यवस्थापन गरिनेछ ।

२३. गाउँपालिकामा स्वस्थ्य तथा व्यवसायिक तरकारी उत्पादन गर्न तरकारी पकेट विकास कार्यक्रम संचालन गरिनेछ ।

२४. रेबिज रोग नियन्त्रणका लागि रेबिज दिवसको अवसरमा निशुल्क रेबिज रोग विरुद्धको खोप कार्यक्रम संचालन गरिनेछ ।

२५. यस गाउँपालिका भित्र रहेका पशुपन्छी फर्म, औषधी पसल, मासु पसललाई अनुगमन गरि अध्यावधिक गरिनेछ ।

**सहकारीः**

१. सहकारीको विश्वव्यापी सिद्दान्त र मूल्य मान्यता तथा सहकारी कानून अनुरुप सहकारीको दर्ता, संचालन नियमन र अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

२. संचालनमा नरहेका सहकारी संस्थाहरुको खारेजी एवं एकिकरण गर्न नीति लिईनेछ ।

३. गाउँपालिका क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरूलाई सहकारी विभागले संचालन गरेको कोपोमिस (COPOMIS) प्रणालीमा आबद्ध गरिनेछ ।
४. सहकारी क्षेत्रको सबलीकरण विकास तथा उत्पादन तथा उत्पादकत्व प्रवर्द्धनका लागि असल अभ्यास सिकाई आदान प्रदान कार्यक्रम गरिनेछ ।
५. तीन खम्बे अर्थ नीति अन्तर्गत पर्ने सहकारी संस्थाहरुसँगको साझेदारीमा किसान र कृषि उत्पादनसँग जोडिएका उद्योग स्थापनाका लागि आवश्यक कार्य अगाडी बढाईनेछ ।

**<u>लघु उद्यम, श्रम तथा रोजगारः</u>**

१. विभिन्न ठाउँ एवं स्थानीयस्तरमा हुने उद्यमी प्रदर्शनी मेलामा स्थानीय उत्पादनको प्रदर्शनीका लागि स्थानीय उद्यमीलाई सहभागिता गराइनेछ ।
२. विभिन्न उद्यमसँग सम्बन्धित तालिम लिई उत्पादनमा लागेका उद्यमीहरुको उत्पादनको बजारीकरणमा सहयोग गरिनेछ ।
३. युवा लक्षित सीप विकास स्वरोजगार प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
४. उत्कृष्ट उद्यमीहरुलाई सम्मान कार्यक्रम संचालन गरिनेछ ।
५. स्थानीय उत्पादनको लागि हाट बजारको प्रवर्द्धन गरिनेछ ।
६. संघीय सरकारसँगको साझेदारीमा लघु उद्यम विकास कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
७. प्रधानमन्त्री रोजगार कार्यक्रम खारेज भई राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम लागु भएकोले सोही कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन गरिनेछ ।
८. रोजगार सीप तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम अन्तर्गत सुचीकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारी सृजना सम्बन्धी विभिन्न सीपमुलक कार्यक्रममा सहभागी गराईनेछ ।
९. बैदेशिक रोजगारीमा जान चाहने र फर्किएका व्यक्तिहरुका लागि उद्यमशिलता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
१०. बुद्धशान्ति गाँउपालिकाको श्रम डेस्क संचालन कार्यविधि बमोजिम श्रमिक सुचीकरण गरी सुचीकृत श्रमिकहरुलाई मात्र विभिन्न रोजगारमुलक आयोजनामा परिचालन गरिनेछ साथै श्रमिकको हकहितको लागि श्रमिक हितकोष संचालन गरिनेछ।
११. सूचीकृत भएका श्रमिकहरुको बीमा प्रकृया अगाडी बढाइनेछ।

**<u>पर्यटनः</u>**

१. गाउँपालिकाभित्र रहेका नयाँ पर्यटकीय क्षेत्र एवं गन्तव्यहरुको पहिचान, व्यवस्थापन एवं प्रचारप्रसार गरिनेछ ।
२. बुद्धशान्ति भित्र रहेका विभिन्न पर्यटकीय क्षेत्रहरुलाई एकीकृत गरी पर्यटन प्रबर्द्धन गर्ने नीति लिईनेछ ।
३. सामुदायिक वन क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरुको भौतिक पूर्वाधारको विकास गर्दै सामुदायिक वनसँगको साझेदारीमा पर्यटन क्षेत्र एवं पिकनिक स्पटको विकास गरिनेछ ।

४. पदमार्ग तथा साइक्लिङ मार्गको पहिचान गरी पूर्वाधार विकासमा जोड दिइनेछ । खोला किनारामा रहेका पदमार्गलाई नदी करिडोरको रुपमा विकास गरिनेछ ।

५. भुलभुले, पाँचपोखरी, खारखोला, तीनतले पर्यापर्यटन, आदर्श सामुदायिक वन छेउ धिमाल वस्ति, सुनमाई, धारागोला, हरितपार्क, जरेवर, सतिगौंडा, झोलुङ्गेपुल, ठुटेवर तथा जोरसाँघु क्षेत्रमा होम स्टे संचालन गर्न स्थानीय नागरिकलाई प्रोत्साहित गरिनेछ ।

६. वडा नं ६ र ७ जोड्ने झोलुङ्गे पुलको दुवै तर्फ सौन्दर्यीकरण गरी पर्यटन प्रवर्द्धन मार्फत आन्तरिक आयको स्रोत वृद्धि गरिनेछ ।

## ख. सामाजिक विकास क्षेत्र

### शिक्षाः

१. सामुदायिक विद्यालयको समग्र विकासका लागि बालपोषण तथा सिकाई अभिवृद्धि गर्न सामुदायिक विद्यालयहरुमा अध्यक्ष र उपाध्यक्षसँग अभिभावक कार्यक्रम संचालन गरिनेछ ।

२. सामुदायिक विद्यालय र बालविकासमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय सहायक र विद्यालय सहयोगी तथा स्वयंसेवक शिक्षकहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ ।

३. सरोकारवाला सबैको साझेदारीमा आवधिक शिक्षा योजनाको कार्यान्वयन मार्फत शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाईनेछ ।

४. शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ ।

५. सामुदायिक विद्यालयलाई तीनै तहका सरकार र समुदायको सहकार्यमा पूर्वाधार र स्रोत साधन सम्पन्न बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

६. अनिवार्य तथा निःशुल्क शिक्षाको सुनिश्चिता गर्न आधारभुत तह उमेर समुहका पालिका भित्रका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गराई २०८४ साल भित्र अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित पालिका घोषणा गर्न अभियान संचालन गरिनेछ ।

७. अति गरीब बालबालिकाको पहिचान गरी शैक्षिक सामग्री, स्कुल व्याग तथा विद्यालय पोशाकको व्यवस्था गरिनेछ ।

८. **"हामी गर्न सक्छौं हामी गर्छौं"** भन्ने नाराका साथ विद्यालयमा भएका ल्याब, पुस्तकालय, शैक्षिक सामग्रीको अधिकतम प्रयोग गरी शिक्षाको गुणस्तर सुधार गरिनेछ।

९. शिक्षण सिकाईलाई क्रमशः प्रविधिमैत्री बनाई पठनपाठनलाई समायानुकूल बनाईनेछ ।

१०. नतिजाका आधारमा विद्यालय, विद्यालय शिक्षक तथा कर्मचारी र विद्यार्थीहरुलाई पुरस्कृत गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

११. ७० प्रतिशतभन्दा माथि उतिर्ण नजिता ल्याउने सामुदायिक विद्यालयलाई प्रोत्साहन गरिनेछ । साथै ५० प्रतिशतभन्दा कम उर्तिण नतिजा ल्याउने सामूदायिक विद्यालयलाई कमजोर विद्यालयका रुपमा घोषित गरी

१ वर्षे शैक्षिक सुधार योजना कडाईका साथ कार्यान्वयन गर्न प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई जिम्मेवार बनाइनेछ ।

१२. स्थानीय इतिहास, भूगोल, कला, साहित्य, संस्कृति आदिको जानकारी गराई गाउँपालिका प्रतिको अपनत्व भाव विकास गर्न स्थानीय पाठ्यक्रम निर्माण गरी क्रमशः लागु गरिनेछ ।

१३. बालविकास केन्द्र सुदृढीकरणको अभियानलाई निरन्तरता दिंदै आगामी आ.व.मा थप चार वटा बालविकास केन्द्रलाई मन्टेश्वरी बेसका सिकाइ सामग्रीको प्रबन्ध गरी स्मार्ट बाल कक्षाको रुपमा विकास गरिनेछ ।

१४. बालविकास केन्द्रहरुमा शैक्षिक तथा खेलकुद सामग्री व्यवस्थापन तथा आर्थिक अनुदानको व्यवस्था गरिनेछ ।

१५. सम्बन्धित उमेर समुहका १० जना भन्दा कम बालबालिका रहेका समुदायमा सञ्चालित बालविकास केन्द्रहरुलाई विद्यालयमा गाभिनेछ।

१६. आम अभिभावकको चाहना अनुरुप सामुदायिक विद्यालयहरुमा प्रारम्भिक कक्षादेखि माथिल्लो कक्षासम्म अंग्रेजी माध्यमबाट पठनपाठन गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।

१७. गुरुकुल पाठशालालाई प्रोत्साहन गरी गुरुकुल शिक्षालाई प्रबर्द्धन गरिनेछ ।

१८. निःशुल्क दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी एवम् पोषणयुक्त बनाउन सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास केन्द्रमा अध्ययनरत बालबालिकाहरुको लागि नेपाल सरकारबाट उपलव्ध रकममा प्रति विद्यार्थी रु. १० का दरले थप गरी उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

१९. सामुदायिक र संस्थागत विद्यालयका बीचमा शैक्षिक तथा प्राज्ञिक प्रतिस्पर्धाको माध्यमबाट शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गुणस्तर र समानता स्थापित गर्न अन्तर विद्यालय अनुगमन भ्रमण, सिकाई साझेदारी, असल अभ्यास आदान प्रदान र प्रतिष्पर्धात्मक नृत्य गायन लगायतका विभिन्न अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ ।

२०. हरित विद्यालयको अवधारणा अनुरुप विद्यालयको विकास गर्न बाल क्लबको सशक्तिकरण गर्ने साथै अभिभावकमा **"हाम्रो विद्यालय पर्यावरणीय विद्यालय"** भन्ने भावनाको विकास गर्न अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

२१. नेपाल सरकारको इ हाजिरी प्रणालीलाई विद्यालयहरुमा प्रभावकारी रुपमा लागू गरी विद्यालयको हातामा सी.सी. क्यामेरा जडान गरी प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ । साथै विद्यालयलाई एकिकृत सूचना प्रणालीमा समाहित गरी अनुगमन गरिनेछ ।

२२. कमजोर सिकाइ उपलब्धी भएका विद्यार्थीको सिकाईस्तर सुधारका लागि शिक्षक अभिभावक सम्पर्क कक्षाको व्यवस्थापन गरी सुधारात्मक कक्षा संचालन गरिनेछ ।

२३. निजी विद्यालयबाट तोकिए बमोजिम छात्रवृति वितरण भए नभएको अनुगमन गरी छात्रवृत्ति वितरणलाई पारदर्शी बनाउन जवाफदेही बनाईनेछ ।

२४. विद्यालयमा अध्ययनरत किशोरीहरुको स्वास्थ्य प्रवर्द्धन गर्न सामुदायिक विद्यालयहरुमा निःशुल्क तथा संस्थागत विद्यालयहरुमा अध्ययनरत छात्राहरुका लागि समेत विद्यालयसँगको साझेदारीमा सेनेटरी प्याड उपलब्ध गराइनेछ ।

२५. प्राविधिक शिक्षामा हालसम्म दलित विद्यार्थीहरुलाई दिदैं आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२६. विद्यालय विकास प्रस्तावका आधारमा पालिकाले प्राधानाध्यापकसँग र प्राधानाध्यापकले शिक्षक र कर्मचारीहरुसँग कार्यसम्पादन करार गरी सबैलाई उत्तरदायी र जवाफदेही बनाईनेछ ।

**<u>युवा तथा खेलकूदः</u>**

१. गाउँपालिका क्षेत्रका युवालाई लक्षित गरी स्वरोजगार, आत्मनिर्भर र स्वावलम्बी बनाउन स्थानीय माग र आवश्यकताको आधारमा रोजगारमूलक सीप विकास तालिम प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

२. युवाहरुलाई कुलत तथा सामाजिक विकृतिबाट जोगाउन सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

३. वैदेशिक रोजगारीबाट फर्किएका युवा जनशक्तिमा रहेको सीप र पुँजीलाई उपयोग गरि उत्पादनमूलक कार्यमा लगाउन प्रोत्साहन गरिनेछ ।

४. युवा तथा बालबालिकामा रहेको अन्तर्निहित प्रतिभा र क्षमताको विकास गर्न गाउँस्तरीय साहित्यिक एवं सांस्कृतिक कार्यक्रम, हाजिरीजवाफ, वक्तृत्वकला लगायतका विविध कार्यक्रमहरु संचालन गरिनेछ ।

५. स्थानीयस्तरदेखि नै खेल र खेल संस्कृतिको विकास र प्रवर्द्धन गर्न अध्यक्ष, उपाध्यक्ष कप लगायत विभिन्न किसिमका गाउँपालिका एवं वडास्तरीय खेलकूद प्रतियोगिता संचालन गरिनेछ ।

६. गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विशेष योगदान पुऱ्याएका खेलाडी तथा खेल क्षेत्रका व्यक्तिहरुलाई सम्मान र पुरस्कृत गर्ने संस्कृतिको विकास गरिनेछ ।

७. सार्वजनिक निजी साझेदारीमा खेलमैदान र खेल पूर्वाधारको निर्माण, संचालन तथा व्यवस्थापन गर्ने साथै गाउँपालिका क्षेत्रभित्र रहेका खेल मैदानहरुको स्तरोन्नति गरिनेछ।

८. सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूलाई विद्यालय स्तरीय फुटबल, क्रिकेट, भलिबल लगायत विभिन्न खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

९. गाउँपालिकाको खेलकुद विकास समितिबाट पूर्वस्वीकृति नलिई गाउँपालिकाभित्र भएका कुनै पनि प्रतियोगितालाई आधिकारिकता नदिईने र त्यस्ता प्रतियोगितामा आर्थिक सहयोग समेत नगरिने नीति लिईनेछ । त्यस्ता प्रतियोगिताको सम्पूर्ण जबाफदेहिता स्वयम् आयोजकले लिनुपर्ने व्यवस्था गरिनेछ ।

१०. खेल प्रशिक्षकको व्यवस्था गरी पालिकास्तरीय खेलाडी उत्पादन गर्दै लगिनेछ ।

११. राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न खेलकुदमा लगानी वृद्धि गरिने नीति लिइनेछ ।

## स्वास्थ्यः

१. नेपाल रेडक्रस सोसाईटी, झापासँगको समन्वयमा बुद्धशान्तिबासीहरुका लागि आवश्यकतानुसार निःशुल्क रगतको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२. बुद्धशान्ति गाँउपालिकामा संचालनमा रहेका निजी स्वास्थ्य संस्था दर्ता, सूचीकरण तथा नवीकरण कार्यलाई अघि बढाउन आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने नीति लिईनेछ ।

४. गाउँपालिका मातहतका स्वास्थ्य संस्थाहरुबाट नेपाल सरकारले तोकेका निःशुल्क औषधी तथा औषधीजन्य सामाग्रीहरु वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५. गाउँपालिका मातहतका स्वास्थ्य संस्थामा नियमित चेकजाँच गराएका गर्भवती महिलाहरुलाई प्रसुती सेवाका लागि झापा जिल्लाका अस्पतालहरुमा जानका लागि निःशुल्क रुपमा एकतर्फी एम्बुलेन्स सेवा बापतको रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

६. नेपाल सरकारद्वारा सुचिकृत आमा सुरक्षा कार्यक्रम संचालनमा रहेका अस्पतालहरुमा प्रसुती गराए बापत प्रत्येक गर्भवती महिलालाई (२ पटक मात्र) सुत्केरी पोषण खर्च बापत प्रोत्साहन रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

७. राष्ट्रिय खोप कार्यक्रम अनुसार २ वर्ष मुनिका बालबालिहरुलाई प्रदान गरिने नियमित खोप सेवाको दिगोपनाका लागि आमा समुहहरुलाई जनचेतनामूलक स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रम संचालन कार्यलाई निरन्तरता दिईनेछ ।

८. क्षयरोग, कुष्ठरोग तथा एड्स रोग मुक्त पालिकाका लागि बिरामीहरुको सक्रिय खोजपड्ताल निदान, उपचार तथा नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९. स्वास्थ्य संस्थाहरुको गुणस्तर मापन गर्नको लागि न्युनतम सेवा मापदण्ड कार्यक्रमलाई थप प्रभाकारी बनाउनको लागि आवश्यक बजेटको व्यवस्था मिलाईने कार्यलाई निरन्तरता दिईनेछ ।

१०. राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वंयसेविकाहरुलाई नियमित रुपमा क्षमता विकास कार्यक्रम गर्ने, अवकाश पश्चात सम्मान तथा प्रोत्साहन गर्ने, खाईपाई आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने लगायतका विविध कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

११. स्वास्थ्य संस्थाहरुको अभिलेख तथा प्रगती प्रतिवेदन कार्यक्रम चुस्त-दुरुस्त राख्नको नेपाल सरकारले तयार गरेको पोर्टल सम्बन्धि तालिम प्रदान गरिनेछ ।

१२. तोकिएका घातक रोग लागेका बिरामीहरुलाई मासिक रुपमा प्रदान गरिरहेको उपचार खर्च बापतको रकमलाई निरन्तरता दिईनेछ ।

१३. गर्भवती महिलाहरुलाई आमा सुरक्षा कार्यक्रम अन्तर्गत क्याल्सियम चक्की खरिद तथा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४. सरुवा रोग, किटजन्य रोग, नसर्ने रोग तथा माहामारी नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१५. राष्ट्रिय पोषण कार्यक्रमलाई विशेष जोड दिई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रमलाई अगाडी बढाउनको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१६. बालपोषण कार्यक्रम अन्तर्गत २४ महिनासम्मका बालबालिकाहरुलाई प्रत्येक महिना खोप क्लिनिक, गाँउघर क्लिनिक र स्वास्थ्य संस्थामा २४ पटक सम्म वृद्धि अनुगमन गराए बापत प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

१७. गर्भवती महिलाहरुलाई गर्भ जाँचको लागि ८ वटा स्वास्थ्य संस्थाहरुलाई फिटल डपलर खरिद गरिनुका साथै गर्भवती महिलाहरुलाई झुल वितरण कार्यक्रमको व्यवस्था मिलाईनेछ ।

१८. प्रचलित कानुन बमोजिम स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरुमा दरबन्दी अनुसारको पदमा कर्मचारी पदपूर्ति गर्ने कार्य गरिनेछ ।

१९. वडा नं. २, जयपुर र वडा नं. ५, आयाबारीमा रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुको लागि जग्गा प्राप्ति गरी भवन बनाउनको लागि आवश्यक पहल गरिनेछ ।

२०. बुद्धशान्ति गाउँपालिकाको स्वामित्वमा संचालित रहेको भागीरथा न्यौपाने बुद्धशान्ति अस्पतालबाट वर्थिङ सेन्टर संचालन गर्नका लागि आवश्यक प्रकृया अगाडि बढाईनेछ ।

२१. नेपाल सरकारको नीति अनुसार विद्यालय नर्सको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२२. विपन्न एवं कमजोर वर्गहरुको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम संचालन गरिनेछ।

२३. स्वस्थकर जीवनको लागि आवश्यकतानुसार व्यायमशाला निर्माण गरिनेछ ।

२४. बिरामी संख्या र आवश्यकताका आधारमा उच्च रक्तचाप र मधुमेह रोगीहरुको लागि एमलोडेपिन र मेटफोर्मिन माग अनुसार प्रदेश सरकारबाट प्राप्त हुन नसकेमा खरिद कार्य गरिनेछ ।

२५. आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री बितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ सम्बन्धी व्यवस्थालाई कडा निगरानी गरिनेछ ।

२६. संस्थागत सुत्केरीलाई प्रोत्साहन गरी घरमै हुने प्रसुतीलाई निरुत्साहित गरिनेछ ।

२७. भागीरथा न्यौपाने बुद्धशान्ति अस्पतालमा दन्त उपचार सेवा लगायत थप बिशेषज्ञ सेवाहरु विस्तार गर्दै IPD सेवाको व्यवस्थापनको लागि आवश्यक कार्य गरिनेछ ।

२८. विद्यालयमा रहेका विद्यालय नर्स कार्यक्रमलाई सवलीकरण गर्दै मानसिक तथा मनोपरामर्श सेवालाई बढी ग्राह्यता दिदै लगिनेछ ।

२९. डिजिटल स्वास्थ्य पहुचँका लागि सबै स्वास्थ्य संस्थाहरुमा क्रमशः EHR कार्यक्रम लागु गरिनेछ ।

३०. मानिसक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम लागु गरिनेछ ।

३१. हरेक विद्यालयमा प्राथमिक उपचारको लागि आवश्यक न्यूनतम आधारभूत स्वास्थ्य सेवाका लागि FIRST AID BOX को व्यवस्थापन गरिनेछ ।

३२. गाउँपालिका एवं मातहतका सबै कार्यालयहरुमा स्तनपानकक्षको व्यवस्थापनको लागि प्रकृया अगाडि बढाईनेछ ।

३३. बढ्दो बिरामीचापलाई मध्यनजर गरी एम्बुलेन्स खरिद प्रक्रिया अगाडी बढाईनेछ ।

३४. बुद्धशान्तिबासीहरुका लागि जिल्लाभरी निःशुल्क शव वाहन सेवालाई निरन्तरता दिईनेछ ।

३५. सेवाको गुणस्तर कायम राख्नको लागि समय समयमा अनुगमन तथा सुपरिवेक्षण कार्यलाई निरन्तरता दिईनेछ ।

३६. गाउँघर क्लिनिक संचालन गरि स्थानीय स्तरमा निशुल्क आयुर्वेद औषधी उपचारको सेवा उपलब्ध गराईनेछ ।

३७. अत्यावश्यक आयुर्वेद औषधीको सहज तथा प्रभावकारी आपूर्ति एवं उपयोगलाई सुनिश्चित गर्दै आयुर्वेद स्वास्थ्य केन्द्रमा सेवा लिन आउने सेवाग्राहीहरुलाई तोकिएको आयुर्वेद औषधीहरु निःशुल्क रुपमा निरन्तर उपलब्ध गराइनेछ ।

३८. यस गाउँपालिका भित्रका बालबालिकाहरुलाई आयुर्वेद औषधालयको पँहुचमा ल्याई स्वर्ण विन्दु प्राषण मार्फत रोग प्रतिरोधात्मक क्षमता बढाउनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**<u>महिला, बालबालिका तथा समाज कल्याणः</u>**

१. जेष्ठ नागरिकहरुका लागि रेडियो वितरण कार्यक्रम संचालन गरिनेछ ।

२. घरेलु हिंसा तथा लैङ्गिक हिंसाका घटनाहरु न्यूनीकरण गर्न बहस पैरवी र चेतनामूलक अभियानहरु संचालन गरिनेछ ।

३. बालविकास केन्द्र स्थापना र बाल अधिकारको संरक्षण एवम् प्रवर्धन गर्दै बालमैत्री गाउँपालिकाको रुपमा विकसित गर्ने कार्यको थालनी गरिनेछ ।

४. बेवारिसे तथा असहाय बालबालिकाहरुको तत्काल उद्दार गर्न बाल संरक्षण कोषको स्थापना गरिनेछ ।

५. गाउँपालिकाको लैंगिक समानता र समावेशीकरण सम्बन्धी नीति तर्जुमा गर्नुको साथै लैंगिक उत्तरदायी बजेट निर्माण र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

६. महिला, ज्येष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसंख्यक, लोपोन्मुख जाति, एकल महिलालाई आर्थिक ऐन, २०८३ मार्फत कर सहुलियत दिईनेछ ।

७. अपाङ्गता भएका व्यक्ति, बालवालिका, ज्येष्ठ नागरिक, अशक्त एवं गर्भवती महिला मैत्री भौतिक संरचना एवं पूर्वाधार निर्माणमा जोड दिईनेछ ।

८. लक्षित वर्गका लागि मागमा आधारित सीप तथा क्षमता विकास कार्यक्रम संचालन गरी सशक्तिकरण तथा स्वरोजगारमूलक कार्यक्रम संचालन गरिनेछ । साथै उनीहरुले उत्पादन गरेका सामानको बजारीकरणका लागि सहजीकरण गरिनेछ ।

९. बाल श्रम, बाल बिबाह तथा बहु बिबाह, अन्धविश्वास, लैङ्गिक विभेद र लैङ्गिक हिंसा, छुवाछुत, जस्ता सामाजिक कुरीतिहरुको अन्त्यका लागि विभिन्न विद्यालय तथा अन्य स्थानहरुमा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ । साथै लागु पदार्थ प्रयोग, मानव बेचबिखन तथा साईवरक्राईमका घटनामा कमी ल्याउन सचेतनामुलक कार्यक्रम गरिनेछ ।

१०. बेवारिसे भई समाजमा रहेका बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग तथा असहाय ब्यक्तिहरुको सुरक्षा तथा संरक्षणका लागि आवश्यकतानुसारको पुनःस्थापना केन्द्र, ज्येष्ठ नागरिक आश्रय केन्द्र, अपाङ्गता तथा अशक्त स्याहार तथा पुनः स्थापनाको व्यवस्था मिलाईनेछ ।

११. स्थानीय तहमा गठन हुने समिति, उपसमिति र कार्यदलमा समानुपातिक तथा समावेशी सहभागिता सुनिश्चित गरिनेछ ।

१२. लैङ्गिक हिंसामा परेका ब्यक्तिहरुको लागि तत्काल उद्धार तथा राहतको लागि कोषको स्थापना गरिनेछ।

१३. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत पर्ने वर्गहरुलाई संरक्षण गर्ने नीति लिइनेछ ।

१४. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण र हस्तान्तरण गर्ने, साथै अल्जाईमर्स तथा डिम्नेसिया रोगको बारेमा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१५. गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने ज्येष्ठ नागरिकलाई उहाँहरुले समाजमा पुऱ्याउनु भएको योगदानको कदर स्वरुप ज्येष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ, साथै जेष्ठनागरिकहरुको उत्कृष्ठ स्याहार गर्ने छोरी बुहारी तथा संरक्षकको सम्मान गरिनेछ र नागरिकहरुलाई समय समयमा नमूना गाउँपालिका तथा नगरपालिकाको भ्रमण तथा धार्मिक तिर्थाटनमा सहभागी गराईनेछ ।

१६. लैगिक विभेद र हिंसा, मानव बेचबिखन, सार्वजनिक र कार्यस्थलहरुमा महिला एवं अपांगता भएका व्यक्तिहरु माथि हुने यौनजन्य दुर्व्यवहार सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गर्दै यस विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ ।

१७. असहाय, अलपत्र परेका, आश्रयहिन व्यक्तिको उद्दार तथा पुनर्स्थापना कार्यमा निजी क्षेत्र, सामुदायिक संघ संस्था र गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनुका साथै त्यस्ता कार्यमा संलग्न व्यक्ति तथा संघसंस्थाको योगदानको कदर गर्दै आवश्यक सहयोग, समन्वय र सहकार्य गरिनेछ ।

१८. मानव अधिकार प्रबर्द्धन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

१९. अपाङ्गता परिचयपत्र, ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ साथै आवश्यकतानुसार परिचयपत्र वितरणका लागि शिविर संचालन गरिनेछ ।

२०. ओछ्यानमै थला परेका पूर्ण अशक्त र अपाङ्गता भएका व्यक्तिहरुलाई घरमै गएर अपाङ्गता परिचय पत्र दिइने व्यवस्था मिलाइनेछ ।

२१. अपाङ्गता भएका व्याक्तिहरुलाई निःशुल्क रुपमा सहायक सामग्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

२२. कोशी प्रदेश सरकारको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२३. एकल महिला उद्यमशीलता साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२४. अपाङ्गता भएका व्यक्ति तथा मनोसामाजिक समस्या भएका ब्यक्तिहरुलाई निःशुल्क स्वास्थ्य बिमामा आबद्ध गरिनेछ ।

२५. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता र प्राथमिकताको आधारमा निःशुल्क सहायक सामाग्री वितरण गरिनेछ । जेष्ठ तथा अपाङ्गता भएका ब्यक्तिहरुलाई सहायक सामाग्रीको अभाव हुन नदिन पहिले प्रदान गरेका र हाल प्रयोगमा नआएका सहायक सामाग्रीहरु संकलन तथा मर्मत गरी पुनःप्रयोगमा ल्याईनेछ ।

२६. एकल महिला उद्यमशीलता विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**<u>मानसिक स्वास्थ्य एवं मनोसामाजिक परामर्शः</u>**

१. गाउँपालिका भित्रका नागरिकहरूलाई आवश्यकतानुसार मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

२. मानसिक स्वास्थ्य प्रवर्द्धन, आत्महत्या रोकथाम तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
३. निराशा, तनाव, आत्महत्याको सोच वा प्रयास भएका व्यक्तिहरू लक्षित गरी विशेष मनोपरामर्श सेवा प्रदान गरिनेछ।
४. घरेलु हिंसा, लैङ्गिक विभेद, लाञ्छना तथा यौन दुर्व्यवहारबाट प्रभावित व्यक्तिहरूलाई मनोसामाजिक सहयोग तथा परामर्श सेवा उपलब्ध गराइनेछ।
५. वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवार तथा सुरक्षित आप्रवासनसँग सम्बन्धित जोखिममा रहेका व्यक्तिहरूका लागि मनोसामाजिक परामर्श तथा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
६. स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, शिक्षक तथा समुदायस्तरका सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

## ग. पूर्वाधार विकास क्षेत्र

### शहरी विकास तथा पूर्वाधार निर्माणः

१. संघ र प्रदेश सरकार समेतको साझेदारीमा आगामी आर्थिक वर्ष करिब १५ किलोमिटर कालोपत्रे तथा पेभर्स सडक निर्माण सम्पन्न गरिनेछ ।
२. सबै वडामा कम्तिमा २/२ वटा पूर्वाधार विकाससँग सम्बन्धित गौरबका योजना संचालन गरिनेछ, साथै गौरवका योजनालाई दिगो र गुणस्तरीय बनाईनेछ ।
३. प्रदेश सरकारको समन्वयमा भागीरथा न्यौपाने बुद्धशान्ति अस्पतालको प्राङ्गनमा शुद्ध र व्यवस्थित खानेपानीको नियमित आपूर्तिको प्रबन्ध मिलाईनेछ ।
४. मर्मत सम्भार कोषको व्यवस्था गरी सडकको नियमित मर्मत सम्भारको व्यवस्था मिलाइनेछ ।
५. संघीय सरकारको नीति अनुसार भवन निर्माण संहिताको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
६. सघन शहरी बस्ती भएका स्थानमा उपभोक्ता समेतको साझेदारीमा पार्क, ढल, विद्युत, खानेपानी तथा शहरी सडक लगायतको पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
७. अधुरा आयोजनालाई प्राथमिकतामा राखि निर्माण सम्पन्न गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
८. गाउँपालिकाभित्रका सडक चोक तथा सार्वजनिक स्थलमा सडक बत्ती जडान गर्ने कार्यलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।
९. बजार व्यवस्थापन कार्यविधिको प्रभावकारी कार्यान्वयन गरी गाउँपालिका क्षेत्रभित्र रहेका बजार क्षेत्रको सिमाङ्कन गरिनेछ ।
१०. रु. ५ लाख वा सोभन्दा माथिका आयोजनाहरुको कार्यपालिकाबाट फरफारक गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
११. गाउँपालिका केन्द्रदेखि सबै वडा कार्यालयसम्म जोड्ने कालोपत्रे वा पेभर्स सडक निर्माण कार्यलाई प्राथमिकतामा राखी निरन्तरता दिईनेछ ।
१२. गाउँपालिका क्षेत्रभित्रका जोखिमयुक्त नदी किनारमा तटबन्धन सहितको करिडोर निर्माण कार्य गरी थप कार्यका लागि संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।
१३. वडा नं ७ मा रहेको हरित पार्कलाई व्यवस्थित बनाउदै पर्यटकीय एवं धार्मिक गन्तव्यको रुपमा विकास गरिनेछ।
१४. ७०/३० साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१५. बुद्धशान्ति चक्रपथलाई क्रमशः स्तरोन्नति गर्दै लगिनेछ ।

१६. एल. पि. ग्यासको बढ्दो प्रयोगलाई निरुत्साहित गर्दै नवीकरणीय उर्जाको पहुच विस्तार गर्न सोलार, विद्युतीय चुलो, गोबरग्यास तथा सुधारिएको चुल्हो लगायतका प्रविधिको प्रयोगमा प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७. पालिका स्थित रहेको बजार क्षेत्रहरुमा उज्यालो कार्यक्रम संचालन गरिनेछ ।

१८. सहिदहरुको योगदानको उच्च मुल्याङ्कन गर्दै पालिका भित्र सहिदका नाममा संचालन भएका प्रतिष्ठानहरुमा नियमित बजेटको प्रबन्ध गरिनेछ ।

## घ. वन वातावरण तथा विपद व्यवस्थापन समिति

### वन तथा वातावरणः

१. गाउँपालिका क्षेत्र भित्रका खानेपानीको मुहान संरक्षण र व्यवस्थापनका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. वृक्षारोपणको कार्यक्रमलाई थप निरन्तरता दिँदै लगिनेछ ।

३. जलवायु परिवर्तनको असर न्यूनीकरण र हरियाली प्रबर्द्धन गर्नका लागि सार्वजनिक स्थल तथा नदी उकास क्षेत्र र सडक किनारमा वृक्षारोपणका साथै यसप्रति सचेतना अभिवृद्धिका लागि कार्यक्रम संचालन गरिनेछ ।

४. वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक समाज तथा निजी क्षेत्र र गै.स.स. को सहभागितामा जोड दिईनेछ ।

५. वन्यजन्तुको आहार व्यवस्थापनका लागि सामुदायिक वनको सहकार्यमा **"वन्यजन्तुलाई वनमै आहार"** कार्यक्रम संचालन गरिनेछ ।

६. जलवायु परिवर्तन अनुकुल कार्यका लागि संघ र प्रदेशसँगको समन्वय मार्फत संचालित कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७. सिमसार क्षेत्रको संरक्षणका लागि प्रभावकारी कार्यक्रम संचालनमा ल्याइनेछ । यसका लागि सम्बन्धित साझेदार निकायसँग आवश्यक समन्वय गरिनेछ ।

८. चुरे क्षेत्र संरक्षण र भूक्षय नियन्त्रणका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

९. जलवायु परिवर्तन र सोबाट वातावरणमा पर्ने असरका बारेमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ।

१०. सामुदायिक वन संचालन तथा व्यवस्थापन कार्यविधि निर्माण गरी सामुदायिक वनहरु प्रभावकारी नियमन गरिनेछ ।

११. नमुना जलवायु कार्यक्रमलाई संघीय सरकारको समन्वयमा निरन्तरता दिईनेछ ।

### विपद तथा फोहोरमैला व्यवस्थापनः

१. प्रदेश सरकार, स्वीस सरकार (प्रदेश सहयोग कार्यक्रम) र ४ वटा स्थानीय तहहरु (विर्तामोड, अर्जुनधारा, कन्काई र बुद्धशान्ति गाउँपालिका) को संयुक्त लागत साझेदारीमा अर्जुनधारा नगरपालिका क्षेत्रमा निर्माणाधीन मुख्यमन्त्री अत्यावश्यक केन्द्र (एकीकृत विपद व्यवस्थापन केन्द्र) (वारुणयन्त्र, एम्बुलेन्स लगायतको विपद व्यवस्थापन उपकरण र आवश्यक दक्ष जनशक्ति सहित) संचालनको लागि समन्वय गरिनेछ ।

२. विपद जोखिम क्षेत्रको पहिचान र नक्साङ्कनका लागि विपद् पूर्व कार्य तथा प्रतिकार्य योजना क्रमशः कार्यान्वयन गरिनेछ ।

३. विपद् जोखिमबाट सुरक्षित रहन जोखिममुक्त संरचना निर्माण, विपद जोखिम न्यूनीकरणका लागि नमुना अभ्यास र विपद सम्बन्धि जनचेतना अभिवृद्धिमा जोड दिईनेछ ।

४. उद्धार र राहत सामग्रीको उपलब्धता सुनिश्चित गरी विपदमा परेका नागरिकहरुलाई तत्काल उद्धार गर्ने व्यवस्था मिलाईनेछ ।

५. पालिका एवं निजी क्षेत्रको सहकार्यमा फोहोरमैला व्यवस्थापनको कार्य अघि बढाईनेछ ।

६. फोहोरमैलाको दिगो व्यस्थापनका लागि श्रोतमै फोहोर न्यूनीकरण गर्न कुहिने नकुहिने सिसाजन्य लगायत फोहोरलाई श्रोतमा वर्गिकरण गरिनेछ । सोको लागि मुख्य चोक बजार क्षेत्रमा डस्टबिन राख्ने व्यवस्था मिलाईनेछ ।

७. विपद व्यवस्थापन योजना रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

८. विपद व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरी विपद व्यवस्थापन पुर्व तयारी वा प्रतिकार्य वा पुर्नलाभको लागि आवश्यक कार्य अघि बढाईनेछ ।

९. डढेलो नियन्त्रण र वन तथा वन्यजन्तु संरक्षणका लागि अग्नि रेखा निर्माण गर्न सरोकारवाला निकायसँग समन्वय गरी साझेदारी गरिनेछ ।

१०. विपद व्यवस्थापनका लागि वडास्तरमा गठित विपद प्रतिकार्य टोलीहरुको क्षमता विकासलाई प्राथमिकता दिईनेछ ।

११. हात्ती पिडित क्षेत्रमा सोलार वत्ति र सोलार फेन्सिङ्गको व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गरिनेछ । साथै हात्ती प्रभावित क्षेत्रमा सुरक्षा गस्तीको प्रबन्ध गरी जनताको जीउधन सुरक्षाका लागि पहल गरिनेछ ।

१२. जंगली हात्ती तथा बाँदर नियन्त्रणका लागि कफि खेती लगायतको विशेष कार्यक्रम संचालन गरिनेछ ।

१३. मानव तथा वन्यजन्तु बिचको द्वन्द्व न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१४. जलवायु परिवर्तनबाट हुने असर न्यूनीकरणका लागि स्थानीय अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

## ङ. संस्थागत क्षमता तथा सुशासन समिति

### राजस्वः

१. स्थानीय करलाई प्रविधिमैत्री बनाउदै लगिनेछ ।आर्थिक वर्ष २०८१/८२ वा २०८२/८३ सम्म बुद्धशान्ति गाउँपालिका वा सम्बन्धित वडा कार्यालयमा गई भूमिकर/ मालपोत, सम्पत्ति कर बुझाई स्थानीय करदाता कोड प्राप्त गरेका करदाताहरुलाई घरमै बसी सुरक्षित रूपमा कर तिर्न प्रोत्साहन गर्नका लागि म.ले.नि.का. ले निर्माण गरेको स्थानीय तह राजस्व पोर्टल (Local Level Revenue Portal) प्रयोगमा ल्याईनेछ ।

२. स्थानीय करदाताकोड प्राप्त गरेका करदाताहरुलाई आफूले तिर्नुपर्ने भुमिकर तथा मालपोत, सम्पति कर र व्यवसाय कर लगायतका लगती कर लिने बारे जानकारी गराउन SMS मार्फत सबै करदाताहरुलाई श्रावणमसान्त भित्रमा सुचित गरिनेछ ।

३. लामो समयदेखि रोङ गाउँपालिका ईलामले भोगचलन गरिरहेको वडा नं. ७ स्थित जोरकलस क्षेत्रमा रहेका ब्यवसायिक पसल/ टहराहरु आफनै गाउँपालिकामा ल्याउने कार्यका लागि रोङ गाउँपालिका र जिल्ला समन्वय समितिहरुसँग समन्वय गरिनेछ ।

४. आगामी आ.ब. २०८३।०८४ बाट घर बहाल करलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न घर जग्गा बहाल कर संकलन कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ साथै सो सम्बन्धि करदाताको लगत तयार गरि अभिलेख राखिनेछ ।
५. आवश्यक कार्यविधि बनाई फोहोरमैला व्यवस्थापनका लागि आगामी आ.ब. २०८३।०८४ बाट फोहोरमैला व्यवस्थापन गर्न शुल्क लिईनेछ ।
६. असोज महिनासम्म मालपोत तथा भुमिकर र सम्पति कर बुझाउने करदाताहरुलाई १०% छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
७. महिला/ अपांगता भएका ब्यक्तिहरुबाट सञ्चालित व्यवसायको दर्ता शुल्कमा २५% र असोज महिनासम्मको नविकरण शुल्कमा २०% र अन्य करदातामा असोज मसान्तसम्म ब्यवसाय नविकरण गर्नेलाई दिदै आएको १०% छुट व्यवस्थालाई निरन्तरता दिईनेछ ।
८. आ.ब. २०८३।०८४ बाट अपांगता भएका ब्यक्तिको नाममा भएको घर तथा भवन निर्माण कार्य अन्तर्गत नक्सा पास दस्तुरमा २५% छुट दिईनेछ ।
९. बुधवारे बजारमा रहेको सब्जी टहरा र बधशाला क्षेत्रहरुलाई थप व्यवस्थापन गर्दै गाउँपालिकाको आन्तरिक आय बृद्धिका लागि उक्त क्षेत्रलाई करको दायरामा ल्याईनेछ ।
१०. राजश्व सुधार योजना प्रतिवेदन, २०८३ ले राजश्व सुधारका सम्बन्धमा दिएका सुझावहरुलाई क्रमशः कार्यान्वयनमा लगिनेछ ।

**<u>न्यायिक समितिः</u>**

१. न्यायिक समितिबाट हुने न्याय सम्पादन कार्यलाई सहज, सरल र अझ प्रभावकारी बनाईनेछ ।
२. न्यायिक समितिको भूमिकालाई थप प्रभावकारी बनाउँदै उजुरी/ विवादको समयमै निरुपण गरी पीडितलाई न्यायको प्रत्याभूति दिलाउन न्यायिक समितिको क्षमता विकास गरिनेछ ।
३. स्थानीयस्तरमा उत्पन्न विवाद समाधानको लागि वडास्तरमा गठित मेलमिलाप केन्द्रलाई दक्ष, सशक्त र प्रभावकारी बनाइनेछ ।
४. गाउँपालिका भित्रका वडा मेलमिलाप केन्द्रका सूचिकृत मेलमिलापकर्ता एवं न्यायिक समितिका पदाधिकारीहरुलाई पुनर्ताजगी तालिमका साथै असल अभ्यास आदान प्रदान कार्यक्रम संचालन गरिनेछ साथै तालिम प्राप्त मेलमिलापकर्ताहरुलाई सूचीकृत हुन प्रोत्साहन गरिनेछ ।
५. न्यायिक समितिबाट भएका फैसला र मिलापत्र कार्यान्वयनका लागि कार्यपालिकासँग समन्वय गरि आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ ।
६. हालसम्म न्यायिक समितिले गरेका क्रियाकलापहरु समेटेर स्मारिका प्रकाशन गरि प्रचारप्रसार गरिनेछ ।

**<u>सुशासन तथा शासकीय प्रबन्धः</u>**

१. निर्माणाधीन रहेको गाउँपालिकाको प्रशासनिक भवनको निर्माण सम्पन्न गरी यथासिघ्र सार्वजनिक सेवा प्रवाह गर्ने प्रबन्ध मिलाईनेछ ।

२. गाउँपालिका र मातहतका कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै सेवा सुविधामा जनताको समान र सहज पहुँच कायम गरी सुशासन प्रत्याभूत गरिनेछ ।

३. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई जनउत्तरदायी बनाउन छरितो संरचना, पर्याप्त जनशक्ति, आवश्यक कार्यविधि निर्माण र आधुनिक प्रविधिको प्रयोगमा जोड दिईनेछ ।

४. **"सेवा लिने जनताको अधिकार र सेवा प्रदायकको कर्तव्य हो"** भन्ने उद्देश्यले नागरिकलाई सेवा प्रवाहको केन्द्र विन्दुमा राखी सेवा प्रवाहमा प्रभावकारीता ल्याउन बुद्धशान्ति गाउँपालिकाको सेवा प्रवाह मापदण्ड तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

५. गाउँपालिकामा कार्यरत सबै कर्मचारीहरुलाई स्पष्ट कार्यविवरण बमोजिम कार्यसम्पादन सम्झौता र कामका आधारमा कर्मचारीलाई पुरस्कृत वा दण्डित गर्ने नीति अवलम्बन गरिनेछ ।

६. ई हाजिर प्रणाली मार्फत कर्मचारीहरुको नियमितताको प्रभावकारी अनुगमन गरिनेछ ।

७. कर्मचारीको आचरणलाई नियमित र व्यवस्थित गर्न कर्मचारी आचारसंहितालाई कडाईका साथ लागू गरिनेछ ।

८. सेवा करारमा कार्यरत सबै कर्मचारीहरुलाई संघीय बजेट मार्फत तोकिएको मासिक मंहगी भत्ता दिदैं योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न आवश्यक व्यवस्था गरिनेछ ।

९. गुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तथा सूचना व्यवस्थापनका लागि सूचना अधिकारीको कार्यलाई अझ व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१०. सार्वजनिक सेवा प्रवाह प्रविधिमैत्री बनाउन गाउँपालिकाको मोबाइल एप निर्माण गरी संचालनमा ल्याइनेछ ।

११. आवश्यकतानुसार कर्मचारीहरु तथा जनप्रतिनिधिहरुका लागि क्षमता विकास लगायत अन्य तालिमहरु संचालन गरिनेछ । सुशासन र अन्य स्थानको सेवा प्रवाह अवलोकनको लागि असल अभ्यास अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।

१२. गाउँपालिका र मातहतका वडा कार्यालयमा निरन्तर सेवा गरेका स्थानीय सेवामा कार्यरत कर्मचारीहरुका लागि कर्मचारी कल्याण कोष संचालन कार्यविधि बमोजिम रकम थप गर्ने व्यवस्था मिलाईनेछ ।

१३. गाउँपालिकाका बिषयगत शाखाका कार्यहरुलाई अझ व्यवस्थित गर्न चाहिने ऐन, कार्यविधि निर्देशिका बनाउने तथा भएका कानुनहरुलाई समायानुकुल परिमार्जन गर्दै लैजाने नीति लिईनेछ ।

१४. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परीक्षण जस्ता सुशासनका औजारहरुको नियमित प्रयोग गर्दै पारदर्शिता, उत्तरदायित्व र जनविश्वास आर्जन गर्ने ब्यवस्था मिलाइनेछ ।

१५. कृषि, पशुपन्छी, आयूर्वेद, राजश्व लगायतका गाउँपालिकाद्वारा प्रदान गरिने सेवाहरुलाई पहुँचयोग्य बनाउन घुम्ती सेवा समेत संचालन गरिनेछ ।

## <u>सुचना तथा सञ्चार प्रविधिः</u>

१. सबै वडा कार्यालयहरूमा डिजिटल सूचना पाटीको व्यवस्थापन गरिनेछ।

२. सुरक्षालाई सुदृढ बनाउन सबै वडा कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय र सुरक्षा जोखिम भएका सार्वजनिक स्थानहरूमा सीसीटीभी जडान तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ ।

३. कार्यालयहरूमा हाल जडान गरिएका IP Telephone र Intercom लगायतका सञ्चार प्रणालीहरूलाई थप विस्तार गर्दै कार्यालयमा आवश्यकतानुसार नयाँ प्रणालीहरूको विकास र एकीकरण (Integration) गरिनेछ ।
४. कर्मचारी र सरोकारवालाहरूको ICT सम्बन्धी क्षमता विकासका लागि तालिम तथा गोष्ठी जस्ता कार्यक्रमहरू संचालन गरिनेछ ।
५. डिजिटल नागरिक वडापत्रलाई वडा कार्यालयहरु, अस्पताल, स्वास्थ्य चौकीहरुमा क्रमशः विस्तार गर्दै सो को प्रभावकारी कार्यान्वयन गरिनेछ ।
६. नागरिकले पालिकालाई तिर्नुपर्ने राजस्व रकम घरमै बसी अनलाईन प्रणालीबाट भुक्तानी गर्न सक्ने प्रविधिको विकास गरी कार्यान्वयनमा ल्याईनेछ ।
७. गाउँपालिकाको आधिकारीक सूचना, विज्ञप्ति, निर्णय, धारणा र गतिविधिको जानकारी द्रूत गतिमा सम्प्रेषण गर्न ICT पूर्वाधारको स्तरउन्नति गर्दै वेवसाइट र अन्य विद्युतिय माध्यमलाई चुस्त र व्यवस्थित गरिनेछ ।

**योजना संचालन अनुगमन तथा मूल्याङ्कनः**

१. आयोजना कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन योजना निर्माण गरी सोहि बमोजिम योजना तथा कार्यकम संचालन गर्ने कार्यलाई सू-व्यवस्थित र समयबद्ध गरिनेछ ।
२. बोलपत्र मार्फत संचालन गरिने योजना तथा कार्यक्रमहरुलाई बार्षिक तालिका तर्जुमा गरी समयमा नै कार्यसम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन गरिनेछ ।
३. उपभोक्ता समिति परिचालन गर्ने विद्यमान प्रक्रियागत द्विविधा हटाई समितिबाट हुने कामलाई सुचना प्रविधि मैत्री बनाउन सरोकारवाला पक्षहरुलाई योजना संचालनको चरणबद्ध प्राणालीको सम्बन्धमा अभिमुखीकरण गरिनेछ । साथै, आर्थिक वर्षको अन्तमा हुने कार्यान्वयन र भुक्तानीको चापलाई अन्त्य गर्न योजना कार्यान्वयनलाई प्राथमिकिकरण गर्दै चौमासिक कार्यान्वयन कार्यतालिका तर्जुमा गरी उपभोक्ता समिति मार्फत योजना संचालन गरिनेछ ।
४. योजना संचालनमा सबै पक्षलाई थप जिम्मेवार एवं उत्तरदायी बनाउन कार्यालयले योजना शाखासँग, योजना शाखाले सम्बन्धित प्राविधिक र वडा सचिवसँग कार्यसम्पादन सम्झौता गरी तोकिएको समय भित्र योजना सम्पन्न गर्ने गरी जिम्मेवार बनाईनेछ ।
५. उपभोक्ता समितिलाई प्रदान गरिने प्राविधिक लागत अनुमान तर्जुमा गर्दा उपभोक्ताले बुझ्न सहज हुने अभिप्रायले पूर्वाधार विकास शाखाबाट लागत स्टिमेटको मुलभुत शब्दावलीहरु नेपाली भाषामा नै तयार गर्ने व्यवस्था मिलाइनेछ ।
६. अनुगमन मुल्याङ्न कार्यलाई प्रभावकारी पारदर्शी र प्रविधिमैत्री बनाउन Real Time and Location सहित मोबाईल एपमा आधारित प्रभावकारी अनुगमन गर्ने संयन्त्रको विकास गरिनेछ ।
७. उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुलाई छिटो छरितो सहज एवं उपभोक्तामैत्री बनाउन तोकिएको चौमासिकमा पर्ने योजना छनौट गरी उपभोक्ता समिति गठन गरी वडा कार्यालयबाट सिफारिस गरिएका उपभोक्ता समितिले पुर्वाधार विकास शाखामा निबदेन दिएको बढिमा ७ दिन भित्र लागत स्टिमेट उपलब्ध गराउनुपर्ने, लागत अनुमान प्राप्त भएको २ दिन भित्रमा सम्झौता गर्नुपर्ने, कार्यसम्पन्न गरी प्राविधिक प्रतिबेदन माग गरेको बढिमा ७ दिनभित्र कार्यसम्पन्न प्रतिबेदन उपलब्ध गराउनुपर्ने, कार्यसम्पन्न प्रतिबेदन प्राप्त भएको ७ दिन भित्र योजना शाखाले अनुगमन गरी भुक्तानी लागि पेश गर्नुपर्ने व्यवस्था मिलाई

कार्यसंचालन पद्धतिलाई File Tracking गर्दै Time Card प्रणालीमा आबद्ध गरी उपभोक्ताहलाई सहज बनाउनुका साथै कर्मचारीहरुलाई जिम्मेवार बनाईनेछ ।

८. उपभोक्ता समिति गठन गर्ने प्रणाली थप सरल, सहज, पारदर्शी र सहभागीतामुलक बनाउन वडा कार्यालयलाई जिम्मेवार बनाउँदै समिति गठन भए पश्चात उपभोक्ता समितिको नामावली वडाको आधिकारिक पेज मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था मिलाईनेछ ।

९. उपभोक्ता समितिलाई थप जिम्मेवार बनाउदै योजना सम्झौता गर्ने र कार्यान्वयनमा कुनै अमुख व्यक्ति वा संस्थालाई गैरकानूनी रुपले ठेक्का दिने, एकै व्यक्ति एकै आर्थिक वर्षमा पटक पटक दोहोरिएर उपभोक्ता समितिमा बस्ने कार्यको अन्त्य गरिनेछ । उपभोक्तालाई सम्पन्न आयोजनाको संरक्षणमा जिम्मेवार बनाउन सम्बन्धित उपभोक्ता समितिलाई योजना हस्तान्तरण गर्ने कार्यको थालनी गरिनेछ ।

१०. योजनाको सबै चरण समेटिएको एकीकृत योजना बुकलेट बनाई उपभोक्ताले गर्नुपर्ने सबै कार्यलाई सहज बनाईनेछ ।

११. समग्र योजना तथा कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन, मुल्याङ्कन तथा भुक्तानी कार्यलाई सहज, छिटो छरितो, झन्झटमुक्त, पारदर्शी, उपभोक्तामैत्री बनाउन प्रविधिमा आधारित Paperless योजना कार्यान्वयन पद्धति तर्फ अभिमुखरित बनाउँदै लगिनेछ ।

**सम्मानीत गाउँसभाका सदस्यज्यूहरु,**

- नीति तथा कार्यक्रमलाई प्रभावकारी र कार्यान्वयनयोग्य बनाउन विषयगत समितिहरुले आ-आफ्नो विषयक्षेत्रमा घनिभुत छलफल गरेका छौं । आवधिक योजनालाई आधार लिई तर्जुमा गरिएको वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय सरकार प्रतिवद्ध रहेको छ ।
- अन्त्यमा, नीति तथा कार्यक्रममा घनिभूत छलफलमा भाग लिनु हुने सम्पुर्ण विषयगत समितिका सदस्यहरु, कार्यपालिकाका सदस्यहरु र गाउँपालिका अन्तर्गतका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु लगायत वार्षिक नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने बुद्धिजीवी तथा बुद्धशान्तिबासी जनतामा हार्दिक धन्यबाद व्यक्त गर्दछु । गाउँपालिकाका हरेक विकास गतिविधि र प्रयासमा सहयोग पुर्‍याउनु हुने आम बुद्धशान्तिवासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु प्रति आभारी छु ।
- हालसम्म गाउँपालिकाबासी सचेत नागरिकबाट प्राप्त हरेक विषयसँग सम्बन्धित सल्लाह सुझावलाई सकरात्मक रुपमा ग्रहण गरेका छु । अबका दिनमा समेत रचनात्मक सल्लाह, सुझाव, साथ र सहयोगको अपेक्षा लिएको छु ।

धन्यवाद !!!

<u>प्रस्तुतकर्ता:</u>
मनोज प्रसाई
अध्यक्ष